( ४३ )

# नेपाल गजेट

## नेपाल सरकारद्वारा प्रकाशित

खण्ड १ ] काठमाडौं आषाढ ३१ गते २००९ साल [ संख्या ४८

बखत बखतमा प्रकाश हुने गजेटमा छापिने विषयहरु देहायको क्रमले रहनेछन् । तर यसमा हप्ता हप्तामा जुन जुन विषय प्रकाशित हुने ठहर्दछन, तिनै तिनै विषयहरु छापिनेछन् ।

भाग १ ( क ) सरकारी घोषणा, इश्तिहार इत्यादि ।

( ख ) जारेजी र नयाँ ऐन, सार्वभौम सवाल, सनद इत्यादि ।

( ग ) सरकारद्वारा नियोजित कुनै कमेटी वा कमिशनको रिपोट इत्यादि ।

( घ ) नयाँ भर्ना, सरुवा, बढुवा इत्यादि ।

( ङ ) कायममुकायम तैनाथी इत्यादि ।

( च ) कानूनमन्त्रालय, न्यायालयको विज्ञप्ति इत्यादि ।

( छ ) जेल पुलीस आदिको विज्ञप्ति इत्यादि ।

( ज ) साधारण सूचना, उर्दी इत्यादि ।

( झ ) जन्म मरणको संख्या ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

( ञ ) हल्लाको खण्डन ।

( ट ) अफिसरहरूको बिदा ।

( ठ ) श्री ५ र मन्त्रीहरूको यात्रा, शुभेच्छामण्डल आदिको कार्यक्रम ।

( ड ) पब्लिक सर्भिसकमिशनको सूचना ।

( ढ ) इलेक्सनकमिशनको सूचना ।

भाग २ ( क ) अर्थविभागसम्बन्धी विज्ञप्ति ।

( ख ) सरकारी ब्याङ्क, मुलुकीखाना, कौशी आदिको प्रकाशित, प्रचलित, मुद्रा, नोट र तत्सम्बन्धी सूचनासमेत ।

भाग ३ ( क ) उद्योग वाणिज्यसम्बन्धी सरकारी विज्ञापन इत्यादि ।

( ख ) नियन्त्रित बजारभाउ, मुद्राविनिमय इत्यादि ।

भाग ४ ( क ) खाद्य कृषि, भूमिसुधारसम्बन्धी सूचना इत्यादि ।

( ख ) याम, हावा, पानी र बालीनालीको सूचना इत्यादि ।

भाग ५ ( क ) शिक्षासम्बन्धी सूचना ।

( ख ) शिक्षाविभागको परीक्षाफल ।

भाग ६ ( क ) स्वायत्त शासनसम्बन्धी प्रबन्ध, सूचना इत्यादि ।

( ख ) नगरपञ्चायत ।

( ग ) ग्रामपञ्चायत ।

भाग ७ ( क ) स्वास्थ्यसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

( ख ) रोगग्रस्त भई मर्नेको संख्या ।

भाग ८ वनविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग ९ साधारण राज्यव्यवस्था र परराष्ट्रविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भाग १० रक्षाविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।
भाग ११ यातायातविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।
भाग १२ संसद्—सम्बन्धी सूचना विज्ञप्ति, इत्यादि ।
भाग १३ विकाश तथा योजनासम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

## भाग ४

## बढी अन्न थुपार्नेहरूलाई चेतावनी

( खाद्य भूमिव्यवस्थामन्त्रालयको सूचना )

यस मन्त्रालयबाट खाद्यान्न अनुचित तरिकाबाट थुप्रचाई राख्नेहरूलाई पत्ता लगाई खानतलासीसमेत गरी पहिले विज्ञप्ति प्रकाशित भएअनुसार उचित कारवाई गर्न असिस्टेन्ट डाइरेक्टर क. प. टेकबहादुर राय माझीको अध्यक्षतामा पुलीस र खाद्य इन्स्पेक्टरहरूको खाद्यान्न संकट निवारण कमिशन गठन भै उपरोक्त कामको निमित्त यही आषाढ २४ गते सोमवार खटिइसकेको छ। यस कमिशनले चाँडैनै अनुचित फायदा उठाउन अन्न थुप्रचाई राख्नेहरूको पत्ता लगाई उचित कारवाई गर्नेछ। अन्न थुपार्नेहरुको नाम ठाउँ ठाउँबाट प्राप्त भएको छ। अझै पनि आफ्नो घरतलासी नहुँदैमा यस मन्त्रालयमा आफूसँग भएको स्टक लेखाउन आएमा जफत हुनेछैन। तर सरकारले तोकिदिएको मोलमा जनतामा बिक्री वितरण गर्नुपर्छ ।

यही २४ गतेका दिन आरूबारी बस्ने लालबहादुर खत्रीले अन्न थुपारेको छ भन्ने सुराक लागेकोले निज लालबहादुरको घर खानतलासी गर्दा २०० मुरी-भन्दा बढी धान र अरु अन्नसमेत पत्ता लागेकोले यसमा निजको घरखर्चलाई छोडी बाँकी अन्न जफत गरी त्यसै इलाकाको मानिसमा बिक्री हुने भएको छ ।

सेक्रेटरी,
खाद्य भूमि-व्यवस्थामन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।